# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८
चलानी नम्बर : २४०६

दोस्रो पटक प्रकाशित सूचना (मिति-२०७८/०२/०२)

विषयः एक वडा एक नमूना बालविकास कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
मालारानी गाउँपालिका, अर्घाखाँची ।

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तुत विषयमा आ.व. २०७८/०७९ देखि यस गाउँपालिकाको प्रत्येक वडाहरुमा एक/एकवटा नमूना बालविकास कार्यक्रम सञ्चालन गरिने भएकोले उक्त कार्यक्रम गर्न इच्छुक विद्यालयले छनौटको लागि मिति २०७८ जेष्ठ ७ गतेभित्रमा गाउँ कार्यपालिकाको कार्यालयको इमेल ठेगाना malaraniruralmun@gmail.com मा विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रतिवध्दतासहित प्रस्तावना पेश गर्नुहुन अनुरोध छ ।

१. कार्यक्रम छनौट हुनेः
   पेश हुन आएका प्रस्तावनाहरुलाई गाउँ शिक्षा समितिको बैठकले छनौट गरी शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै विद्यालयलाई कार्यक्रम प्रदान गरिने छ ।
२. कार्यक्रम प्राप्त गर्ने विद्यालयलाई अनुदान प्रदान गरिनेः
   कार्यक्रमको लागि छनौट भएका विद्यालयलाई एक शैक्षिक सत्रको लागि रु एक लाख सम्मको अनुदान रकम गाउँपालिकाबाट उपलब्ध गराइने छ ।
३. कार्यक्रम कार्यान्वयन प्रकृयाः
   क) कार्यक्रम छनौटपश्चात् नमूना बालविकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि सम्बन्धित विद्यालयले यस कार्यालयसँग शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै सम्झौता गर्नुपर्ने छ ।
   ख) कार्यक्रमको अनुदान रकमबाट बालविकास कार्यक्रम सञ्चालन र व्यवस्थापनको लागि प्रचलित कानुनसँग नबाझिने गरी व्यवस्थापन समितिले बालविकास छनौट सहजकर्ता छनौट कार्यविधि निर्माण गरी गाउँ कार्यपालिकाको शिक्षा शाखाबाट प्रमाणित गराई थप एकजना बालविकास सहजकर्ताको नियुक्ति गर्नुपर्ने छ । उक्त कार्यविधिमा देहायका कुराहरु खुलाई निर्माण गर्नुपर्ने छ ।
      अ) कार्यविधि संलग्न गरी यस कार्यालयबाट विज्ञापन अनुमति प्राप्त गर्ने र सोबमोजिम नियुक्ति गरी नियुक्ति समर्थन गराउनुपर्ने विषय ।
      आ) कार्यविधिमा बालविकास छनौट परीक्षाको पाठ्यक्रम, उम्मेद्वारको योग्यता, छनौट समिति, प्रशासनिक व्यवस्थापन तथा परीक्षा सञ्चालन, सहजकर्ताको काम, कर्तव्य र अधिकार एवं सेवाका शर्त र मापदण्ड तथा अन्य आवश्यक कुराहरु सम्बन्धी विषय ।
   ग) कार्यक्रमबमोजिम नियुक्ति भएका बालविकास सहजकर्ताको तलब मासिक रु. ६,०००/-, एक महिनाको तलब बराबरको रकम चाडपर्व भत्ता र पोशाक भत्ता रु १०,०००/- हुने छ ।
   घ) अनुदान कार्यक्रमबाट बालविकास सहजकर्ताको तलबभत्ता प्रदान गरेर बाँकी रहेको रकमबाट विद्यालयले बालविकास शैक्षिक सामग्रीमा खर्च गर्न सक्ने छन् ।
   ङ) अनुदान रकम मासिक वा चौमासिक वा एकमुष्ठ रुपमा प्रदान गर्न सकिने छ ।
   च) अनुदान रकमको लेखापरीक्षण यस कार्यालयबाट खटाइएको लेखापरीक्षकबाट हुने छ ।
४. अन्य विषयमा यस गाउँपालिकाको एक वडा एक नमूना बालविकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुने छ ।
५. पेश गरिने प्रस्तावनामा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक,प्रशासनिक पक्षहरुको संक्षिप्त विवरणसहित वि.व्य.स. को प्रतिवधदतासहितको निर्णय प्रतिलिपि उपलब्ध हुनुपर्ने छ ।